# मिति २०८२/०८/१४ गते सर्वोच्च अदालतमा पुनरावेदनन गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा कार्यरत लेखा अधिकृत अमृता कोइराला (बिशेष अदालतको मुद्दा नं. ०८१-CR-०००९ र फैसला मिति २०८१।१२।०७ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी अमृता कोईरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो रू.६,००,०००।–(छ लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन तथा प्रतिवादीले रकम भुक्तानी गर्नुपर्ने दायित्व रहेको सेवाग्राहीसंग ब्यवसायिक आचरण विपरीत आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित ब्यक्ति APLUS | **फैसलाः**<br>क) प्रतिवादी अमृता कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) अनुरुप बिगो बमोजिम रु.६,००,०००।- (छ लाख रुपैयाँ) जरिबाना र ऐ.दफाको उपदफा (१) को खण्ड (ङ) बमोजिम १ (एक) वर्ष ६(छ) महिना कैद सजाय हुने ठहर्छ।<br>ख) मिति २०८०/११/११ मा सम्झौता गरी आ.ब. २०८०/८१ को औषधिजन्य सामग्री आपूर्ति गर्ने जिम्मेवारी पाएको उजुरकर्ताबाट सो मिति अगावै मिति २०७९/२/२८ र मिति २०७९/७/६ मा बैंक ट्रान्सफर गरी लिएको सापटी रकमको हकमा आरोपदाबी | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ९ को उपदफा (१) को देहाय (घ) बमोजिम अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावेदनको रोहबाट बदरभागी छ ।**<br>क) प्रस्तुत मुद्दामा प्रतिवादी अमृता कोइरालालाई आरोप मागदावीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेकोमा १ (एक) वर्ष ६(छ) महिना कैद हुने ठहर गरी रु.६,००,०००।- (छ लाख रुपैयाँ) जरिबाना हुने ठहर गरि फैसला भएको देखिदा सो तर्फ केही उल्लेख गरि रहनु परेन।<br>ख) जहाँ सम्म प्रतिवादी अमृता कोईराला उपर सजायको माग दाबी लिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूरको हकमा हेर्दा प्रतिवादी अमृता कोईराला वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लेखा अधिकृतको पदमा २०७५ सालदेखि कार्यरत रही निजको काम फार्मेसी संचालनको खाताको जिम्मेवारी र लेखा शाखामा प्राप्त विल विजकको भुक्तानी दिने समेत रहेको देखिन्छ।निवेदक नन्द लाल पौडेलको फार्मेसी कम्पनी APLUS MEDICO ले टेन्डर प्रकृयाबाट वि.पि.कोईराला मेमोरियल क्यान्सर अस्पतालमा औषधीजन्य सामग्री सप्लाई गर्ने जिम्मेवारी आ.व. २०७८/०७९ देखि नै पाएको तथ्य सम्झौता पत्रहरु लगायतका मिसिल संलग्न प्रमाण कागजातहरुबाट देखिन्छ।यस तथ्यबाट प्रतिवादी अमृता कोईराला र निवेदक नन्दलाल पौडेलको विचमा वि.पि.कोईराला मेमोरियल क्यान्सर अस्पतालमा औषधीजन्य सामग्री सप्लाई गर्ने सेवाग्राही र सेवा प्रदायकको सार्थक सम्वन्ध Meaningful Relation रहेको तथ्य स्थापित हुन आएको छ। उजुरकर्ता नन्द लाल पौडेलको APLUS MEDICO ले मिति २०७८।५।२२ गते बि.पि.कोईराला मेमोरियल क्यान्सर अस्पतालमा औषधीजन्य सामग्री सप्लाई गर्ने सम्झौता गरेको मिसिल कागजातहरुबाट देखिएबाट सोही अस्पतालमा लेखा अधिकृत रहेकी प्रतिवादी अमृता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | MEDICO का संचालक नन्दलाल पौडेल संग रु.१,०४,०००।-(एक लाख चार हजार) सापटी लिएको स-प्रमाण पुष्टि हुन आएको र निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ अन्तर्गतको परिभाषित कसूर भएको पुष्टि भएको हुदाँ निज प्रतिवादी अमृता कोईरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.१,०४,०००।–(एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिम कैद गरी बिगो जफत **हुन आरोप मागदावी।** | बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूर स्थापित हुन सक्ने नदेखिँदा निज प्रतिवादी अमृता कोइराला उपरको दफा ५ को उपदफा (१) को कसूर तर्फको आरोपदाबी पुग्न नसक्ने ठहर्छ भन्ने समेत व्यहोराको विशेष अदालत, काठमाण्डौंको मिति २०८१।१२।०७ को फैसला भएको देखिन्छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**(क)** प्रतिवादी अमृता कोइरालाले घुस वापत लिएको रकम मध्ये रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) नगद र नारायणी डेभलपमेन्ट बैंक लिमिटेड यज्ञपुरी शाखाको रु.४,५०,०००।-(चार लाख पचास हजार रुपैयाँ) चेक थान-१) निजको | कोइरालासँग निजको कार्यालयगत सम्वन्ध रहेको देखिन्छ। उजुरवाला नन्दलाल पौडेलले अनुसन्धानको क्रममा बयान गर्दा लेखा अधिकृत प्रतिवादी अमृता कोइरालाले औषधीजन्य सामग्री सप्लाई गर्ने सम्झौता अनुसारको काम गर्दा पटक पटक वार्गेनिङ गरी घुस/रिसवत वापत रकम माग गरेकोले मिति २०७९/२/२८ र मिति २०७९/७/६ मा रकम जम्मा रु. १,०४,०००।- (अक्षरेपी एक लाख चार हजार)दिएको छु ।उक्त रकम वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा सम्झौता बमोजिमका औषधीहरु सप्लाई गरे देखि नै माग गर्नुहुन्थ्यो भन्ने समेत ब्यहोरा उल्लेख गरेको र उक्त व्यहोरालाई पुष्टि हुने गरि अदालतमा बकपत्र समेत गरेकोले प्रमाण ऐन २०३१ को दफा १० र १८ बमोजिम उक्त प्रमाणलाई ग्रहरी गरि प्रतिवादी अमृता कोइरालालाइ आरोप दावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूरमा समेत सजाय गर्नु पर्नेमा सो तर्फ सफाई दिई भएको फैसला त्रुटिपुर्ण देखिदा सो हद सम्म बदर भागि छ।<br>ग) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) मा आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कुनै काममा कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै राष्ट्रसेवकले कसैबाट नेपाल सरकार वा सार्वजनिक संस्थाको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्य वा अरु कसैद्वारा कुनै प्रकारको दान, दातव्य, उपहार कोसेली, चन्दा वा कुनै किसिमको लाभ स्वीकार गर्ने वा आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिने राष्ट्रसेवकलाई कसुरको मात्रानुसार तीन महिनादेखि छ महिनासम्म कैद गरी बिगो जफत गरिनेछ भन्ने कानुनी व्यवस्था देखिन्छ।प्रस्तुत मुद्दामा प्रतिवादी अमृता कोइराला वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लेखा अधिकृतको पदमा २०७५ सालदेखि कार्यरत रहेको देखिन्छ। निजको मुख्य काम फार्मेसी संचालनको खाताको जिम्मेवारी र लेखा शाखामा प्राप्त विल विजक भुक्तानी दिने रहेको देखिन्छ। निज अमृता कोइरालाले APLUS MEDICO का संचालक नन्दलाल पौडेलसंग औषधी सप्लाई गर्न अस्पतालसंग सम्झौता भएदेखि रकमको लागि वार्गेनिङ गरि घुस रिसवत लिएको तथ्य प्रमाणित भै सकेको छ।वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालका औषधी सप्लायर्स APLUS MEDICO का संचालक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रातो रङको बा.प्र.०६-००२प७२२५ नंवरको Vespa कम्पनीको स्कुटरको सिटमुनी डिक्की भित्रबाट बरामद भएको देखिदा निज प्रतिवादी अमृता कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) अनुरुप बिगो बमोजिम रु.६,००,०००।- (छ लाख रुपैयाँ) जरिबाना र ऐ.दफाको उपदफा (१) को खण्ड (ङ) बमोजिम १ (एक) वर्ष ६(छ) महिना कैद सजाय हुने ठहर्छ।<br>**(ख)** प्रतिवादी अमृता कोइरालाले APLUS MEDICO को संचालक नन्दलाल पौडेल चिनजानको व्यक्ति भएकोले निजसँग सापटी | निवेदक नन्दलाल पौडेलले APLUS MEDICO को खाताबाट मोवाईल बैंकिङ्ग द्वारा मिति २०७९/२/२८ मा रु. ४४०००।- र मिति २०७९/७/६ मा रु. ६६०००।- गरि जम्मा रु. १,०४,०००।- (अक्षरेपी एक लाख चार हजार) प्रतिबादी अमृता कोइरालाको साविक मेघा बैंक हालको नेपाल ईन्भेष्टमेन्ट मेघा बैंकको खातामा रकम Transfer भएको तथ्य निज नन्दलाल पौडेलले अनुसन्धानको क्रमा गरेको बयान एवं निजको ९८५५०६२७६४ नं को मोवाइलको फरेन्सिक जाँच रिपोर्ट समेतबाट पुष्टी भएको छ। निवेदक नन्दलाल पौडेलले उक्त वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा औषधी सप्लाई गर्नको लागी मिति २०७८।०५।२२ मा निवेदन पेश गरि सोही मिति २०७८।०५।२२ मा अस्पतालसँग संझौता गरेको तथ्य उक्त मितिको निवेदन तथा संझौता पत्रबाट देखिंदा निज अमृता कोइरालाको खातामा रकम आएको मिति २०७९/२/२८ र मिति २०७९/७/६ भन्दा अगाडी नै निज निबेदक नन्दलाल पौडेल उक्त अस्पतालको औषधी सप्लायर्स रहेको तथ्य स्थापित भएको छ।यसरी प्रतिवादी अमृता कोइरालाले आफ्नै कार्यालयको कामसँग सम्बद्ध भएको व्यक्ति सेवाग्राही नन्दलाल पौडेलसँग गैर कानूनी रुपमा सापटी लिई कारोवार गरेको तथ्य मोवाईल लगायतका डिजिटल प्रमाणहरु (Digital Evidences) पुष्टी भइरहेकोले देखिन्छ। निज प्रतिवादी अमृता कोइराला वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लेखा अधिकृतको पदमा कार्यरत रहे कै अवस्थामा औषधी सप्लायर्स निवेदक नन्दलाल पौडेलसँग मिति २०७९/२/२८ र मिति २०७९/७/६ मा जम्मा रु. १,०४,०००।- (अक्षरेपी एक लाख चार हजार) सापटी लिएको र उक्त रकम निजले नन्दलाल पौडेललाई फिर्ता नगरेको निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिम सजाय समेत गरि पाउन मागदावी लिईएकोमा उक्त तथ्य एवं प्रमाणको बेवास्ता गरि उक्त दफा ५ को कसूरमा सफाई दिने ठहर गरि भएको फैसला नेपाल सरकार विरुद्ध रमेश कुमार तामाङ भएको भ्रष्टाचार(घुस/रिसवत) मुद्दा (मु.नं.०७३-CR-११८२) मा "आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिने राष्ट्रसेवकलाई कसुरको मात्रा अनुसार सजाय हुने" भनि प्रतिपादित सिद्धान्त विपरित रहेकोले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लिएको रकमलाई उक्त अस्पतालको प्रतिवादीले गर्ने कार्यसंग सम्बन्धित मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसूर कायम गरी सजाय गर्नु न्याय, कानुन र विवेकसंगत देखिएन। | उक्त फैसला सो हद सम्म बदर भागि रहेको छ।<br>अतः प्रतिवादी अमृता कोइरालाले आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित बि.पि.कोईराला मेमोरियल क्यान्सर अस्पतालमा औषधीजन्य सामग्री सप्लाई गर्ने व्यक्ति नन्द लाल पौडेलसंग कार्यालयको काम कै शिलशिलामा रु. १,०४,०००।- (अक्षरेपी एक लाख चार हजार) सापटी लिने कार्य गरेको तथ्य निज नन्द लाल पौडेलले अनुसन्धानको क्रममा गरेको बयान र निजले अदालतमा गरेको बकपत्र समेतबाट पुष्टि भएकोले निज प्रतिवादी अमृता कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५को उपदफा (१) सजाय हुन  समेतको माग दावी लिई आरोप पत्र दायर गरिएकोमा विशेष अदालतबाट निजलाई उक्त दफा ५ को कसूरमा सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण रहेको देखिदा उक्त फैसला सो हद सम्म बदर गरि निज प्रतिवादीलाई उक्त मागदाबी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५को उपदफा (१) सजाय बमोजिम समेत सजाय गरिपाउन अनुरोध छ। |